स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही वैशाख १८ गतेदेखि प्रदर्शनमा आउन लागेको चलचित्र "लालीबजार"को तेस्रो गीत "मै राम्री छु त नी"को सानो झलक सार्वजनिक गरिएको छ । निर्माण कम्पनी षट्कोण आर्ट्सले आफ्नै युट्युब च्यानलमार्फत गीतको झलक सार्वजनिक गरेको हो। गीतमा दीपिका बयम्बु मगरको स्वर छ भने कोरसमा रन्जिता विश्वकर्मा, बिन्दु बिसी, सुनिता सुनार, मनोज विक र गोविन्द अनेकले साथ दिनुभएको छ।

आजको विचार...



महा...

(दुई पेजमा)

डा. नारायण मरासिनी

अभिनेत्री सुहाना थापाको फिल्म क्षेत्रमा "लभर गर्ल"को छवि छ। डेब्यु फिल्म "ए मेरो हजुर ३"बाट उनले यो छवि बनाएकी हुन्। त्यसपछिको फिल्म "ए मेरो हजुर ४"मा पनि उनी त्यस्तै भूमिकामा देखा परिन् । अहिले भने उनी आफ्नो छवि परिवर्तन गर्दैछिन्। शुक्रबारदेखि देशभरका हलमा प्रदर्शन हुन लागेको फिल्म "परालको आगो"बाट। फिल्ममा उनले ग्रामीण परिवेशको पीडित तर दह्रो चरित्र "गौंथली"को भूमिका निर्वाह गरेकी छन्।"परालको आगो" गुरुप्रसाद मैनालीको चर्चित नेपाली साहित्य कृति हो।



❑ वर्ष ३१ ❑ अंक २६८ ❑ २०८३ बैशाख १४ गते सोमबार 27 April 2026, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# बुटवलमा अतिक्रमण गरी बनाइएका घर–टहरामा उपमहानगरको डोजर चल्यो

हाम्रा संवाददाता

**बुटवल,** वैशाख १३/बुटवलमा सरकारी जग्गा अतिक्रमण गरी बनाइएका संरचना बुटवल उपमहानगरपालिकाले भत्काउन सुरु गरेको छ । आइतबार उपमहानगरले उक्त क्षेत्रमा बनाइएका घर-टहरामाथि डोजर चलाएको हो।

बुटवल उपमहानगरपालिका-४ स्थित उच्च अदालत तुलसीपुर,बुटवल इजलासको स्वामित्वमा रहेका घर-टहरा हटाउन उपमहानगरपालिकाले शनिबार सूचना जारी गरेको थियो । उसले माइकिङ गरेर घरटहरा खाली गर्न सार्वजनिक सूचना आह्वान गरेको हो । त्यस क्षेत्रको सार्वजनिक जग्गा मिचेर वर्षौंदेखि भोगाधिकार गर्दै आइरहेका व्यक्तिहरुले उपमहानगरपालिकाको सूचना लगत्तै आइतबार बिहानैदेखि सामानहरू सारेका थिए । उच्च अदालत तुलसीपुर बुटवल इजलासको अनुरोधमा अतिक्रमणमा परेको उच्च अदालतकै



जग्गा उपमहानगरपालिकाले खाली गराउन थालेको हो । बुटवल जेसिज चोकबाट उत्तरतर्फको दरबार मार्गको सडकमा रहेको पश्चिमतर्फ अतिक्रमणमा साबिकको कित्ता नं. ३९६ को २ बिघा ५ कठ्ठा १४ धुर क्षेत्रफलमा रहेका अनधिकृत घर टहरा हटाउन थालिएको उपमहानगरपालिकाले जनाएको छ ।सरकारी लिखत तत्कालीन अञ्चलाधीशको नाममा रहेको जग्गा २०४६ सालमा अञ्चलाधीश कार्यालय खारेज भएपछि २०४८ पुस ४ गतेको श्री ५ को सरकारको बैठकले उक्त जग्गा तत्कालीन पुनरावेदन अदालत हालको तुलसीपुर उच्च अदालत बुटवल इजलासलाई उपलब्ध गराउने निर्णय गरेको थियो । त्यसपछि अदालतले आफ्नो नाममा श्रेस्ता कायम भएको जग्गा खोजबिन गरेपनि अतिक्रमण गरी घर टहरा बनाएकाहरुलाई हटाउन सकेको थिएन । यस क्षेत्रको जग्गा विगत एक दशकदेखि अतिक्रमित हुँदै आइरहेको थियो । यहाँ १५ जनाभन्दा बढीले घर टहरा निर्माण गरेर व्यापार व्यवसाय गरिरहेका थिए ।

केहीले भाडामा लगाएका थिए । अतिक्रमित जग्गामा व्यवसायी, कर्मचारी र राजनीतिक दलका नेताहरुलेसमेत घर बनाएर बसेको बुझिएको छ । पछिल्लो समय बुटवल उपमहानगरपालिकाले बुटवल क्षेत्रका फूटपाथ हटाउने अभियानलाई समेत कडाइका साथ कार्यान्वयन गर्दै आइरहेको छ । बुटवललाई सफा, सुरक्षित र व्यवस्थित शहरका रूपमा विकास गर्ने उद्देश्यले उपमहानगरपालिकाले यहाँका फुटपाथमा डोजर लागाएको हो । अहिले बसपार्क, अस्पताल लाइन र ट्राफिकचोक क्षेत्रमा रहेका फुटपाथ अतिक्रमण हटाइएको छ । निर्देशनलाई अटेर गरी व्यापार जारी राख्ने केही व्यवसायीका सामग्री जफत गरिएको उपमहानगरपालिकाले जनाएको छ । नगर प्रमुख खेलराज पाण्डेयका अनुसार बुटवललाई सफा, सुरक्षित र व्यवस्थित शहरका रूपमा विकास गर्ने उद्देश्यले यो कदम चालिएको हो । फुटपाथ खाली गरिएसँगै पैदलयात्रीलाई सहज आवागमनको सुविधा पुगेको छ भने सवारी चाप व्यवस्थापनमा समेत सहयोग पुगेको छ । यसले दुर्घटना न्यूनीकरण, ट्राफिक जाम नियन्त्रण र सार्वजनिक स्थानको प्रभावकारी उपयोगमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । साथै, शहरको सौन्दर्य वृद्धि भई पर्यटक आकर्षण बढ्ने र दीर्घकालमा व्यवस्थित व्यापारिक वातावरण निर्माण हुने विश्वास उपमहानगरपालिकाले लिएको छ । तर फुटपाथ व्यवसायीहरुले भने बैकल्पिक स्थान दिनुपर्ने माग गरेका छन् ।

## सक्षिप्त समाचार

### गुल्मीमा वृद्ध मृत फेला



हाम्रा संवाददाता

**गुल्मी,** वैशाख १३/ जिल्लाको इस्मा गाउँपालिका-१ हर्पुकोट भेडाबारी क्षेत्रस्थित खोलाको बगरमा एक जना वृद्ध मृत अवस्थामा फेला परेका छन् । मृत अवस्थामा फेला पर्नेमा सोही ठाउँका ८७ वर्षीय नेरुप्रसाद घिमिरे रहेका हुन् ।

शनिबार बिहान अमला टिप्न जान्छु भन्दै घरबाट हिडेका उनी नफर्किएपछि परिवरले खोजतलास गर्दा आइतबार बिहान खोलाको बगरमा मृत अवस्थामा फेला परेका हुन् । प्रहरी हवल्दार राधेश्याम यादवको टोली घटनास्थलमा पुगेको र जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी निरीक्षक पर्वतकुमार केसीको नेतृत्वमा थप अनुसन्धान भइरहेको छ ।

**खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।**

-सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं।

-नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।

-गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।

-खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं ।

-खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं ।

-नजिकको स्वास्थ्य संस्थामा उपलब्ध नि:शुल्क खोप सेवाबारे जानकारी लिऔं।

-समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।

-खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# बाँकेका १२ सामुदायिक वनमा डढेलो

**नेपालगन्ज,** वैशाख १३/ बाँकेका दुई चक्ला वनसहित विभिन्न सामुदायिक वनमा डढेलो सुरु भएको छ । वन डढेलोका कारण वन्यजन्तुको बासस्थान संकटमा पर्न थालेको जिल्ला वन डिभिजन कार्यालयले जनाएको छ । एक सातायतादेखि सुरु भएको वन डढेलोका कारण करिब चार हजार हेक्टर क्षेत्रफल प्रभावित भएको जिल्लास्थित डिभिजन वन कार्यालयका योजना अधिकृत सुशील सुवेदीले जानकारी दिए । उनका अनुसार शम्शेरगञ्ज माथेमा चक्ला वन, भुवरभवानी चक्ला वन, झिँझरी महिला सामुदायिक वन, राप्ती पीडित गुलरी सामुदायिक वनलगायत १२ वटा सामुदायिक वनमा डढेलो लागेको छ ।डढेलो निभाउने प्रयास जारी



रहेको जनाउँदै उनले भित्रभित्र वनमा लागेको डढेलो नियन्त्रणमा आउन नसकेको सुवेदीले उल्लेख गरे । जनशक्ति र स्रोत कम हुँदा समयमा डढेलो नियन्त्रण हुन नसकेको भन्दै उनले सोही कारणले क्षति भइरहेको बताए ।उनका अनुसार जिल्लामा वन डढेलो नियन्त्रणमा लागि १४ जनाको डढेलो नियन्त्रण दस्ता निर्माण गरिएको छ । अहिले रहेको २००० लिटर क्षमताको ट्याक्टरले राजमार्ग आसपासका क्षेत्रमा मात्रै वन डढेलो निभाउन सकिएको उनले जानकारी दिए ।(... **बाँकी अन्तिम पेजमा)**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बौद्धिक सम्पत्ति संरक्षणमा ध्यान देऊ

**बौद्धिक सम्पत्ति मानिसको आफ्नो सीप, क्षमता र दक्षताको प्रयोग गरी तयार गरेको सिर्जनात्मक कार्य हो । जसको माध्यमबाट भौतिक संरचना वा वस्तु निर्माण हुन्छ भने उक्त वस्तु वा संरचना माथिको सर्जकको अधिकार बौद्धिक सम्पत्तिको अधिकार हो । तर पछिल्लो समय वौद्धिक सम्पत्ति चोरीको क्रम बढ्दै गएको छ । यो अत्यन्तै दु:खको कुरा हो । शिक्षा क्षेत्रको शोधपत्र चोरीदेखि संगित क्षेत्रका शब्द संगीतको चोरीका घटनाहरु बढ्दै गएका छन् । आफ्नो बुद्धिविवेक प्रयोग गरी सिर्जना गरेका कुरा नै बौद्धिक सम्पत्ति हुन् । तर बौद्धिक सम्पत्तिको अधिकार संरक्षण चुनौति बनेको छ । यसको संरक्षणमा कसैको पनि ध्यान जान सकेको छैन ।**

**बौद्धिक सम्पत्तिसम्बद्ध विश्वका आविष्कारक, नवप्रवर्द्धक, लेखक, सर्जकलाई एक-आपसमा जोडी सम्बन्ध विस्तार गर्ने तथा उनीहरूको सिर्जना र प्रतिभालाई प्रवर्द्धन गरी जनचेतना फैलाउने उद्देश्यले हरेक वर्षको अप्रिल २६ लाई विश्व बौद्धिक सम्पत्ति दिवसका रुपमा मनाइँदै आएको छ । यस वर्षको दिवस आइतबार मनाइँएको छ । हरेक वर्ष यो दिवस मनाइए पनि बौद्धिक सम्पतिको संरक्षण हुन नसक्नु दुखद् हो । कुनै पनि व्यक्तिको बुद्धी एवं ज्ञान बौद्धिक सम्पत्ति हो, यो भौतिक सम्पत्तिभन्दा पनि ठूलो हुन्छ । अहिलेको युग अर्थात समय ज्ञानको युग हो । हरेक विकास व्यक्तिको ज्ञानका आधारमा अगाडि बढेको छ । आज प्रत्येक व्यक्ति वा संस्थाले आफ्नो बौद्धिक सम्पत्तिको उपयोग गरेर भौतिक वस्तु विक्रि गरेको आम्दानी भन्दा धेरै आम्दानी गर्दै आएको छ । त्यसैले बौद्धिक सम्पत्ति वर्तमान युगको पहिलो हतियार हो भन्दा अन्यथा हुँदैछ । बौद्धिक ज्ञान र अधिकारका कारण नै मानिसहरू नयाँ खोज र आविष्कार गर्न उत्साहित हुने गरेका छन् । नेपालमा बौद्धिक सम्पत्ति जगेर्ना गर्न कानूनहरु निर्माण गरिएको भएपनि बौद्धिक सम्पत्ति चोरी तथा अनुमति नलिई प्रयोग गर्ने क्रम निरन्तर जारी छ । यसबाट व्यक्तिको अधिकार कुण्ठित हुँदै आएको छ भने राष्ट्रले आफुनो सम्पत्ति गुमाउदै आएको छ । बौद्धिक सम्पत्तिको प्रोत्साहन तथा संरक्षणका लागि सशक्त बौद्धिक सम्पत्ति अधिकार कानुन हुनु जरुरी छ । तसर्थ यसतर्फ सरकार सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

उडाउने सपना देखाएर
पखेटा काटिदिने धेरै छन यहाँ ।
*(सागर शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# महाभूकम्पको जोखिम : पश्चिम नेपालको मौन चेतावनी



डा. नारायण मरासिनी

*नेपालको इतिहासमा पश्चिमी भूभागको जुम्ला-दैलेख केन्द्र भई फैलिएको खसराज्य एक समय शक्तिशाली राजनीतिक संरचना थियो । जसको प्रभाव पूर्वमा त्रिशुली नदी र पश्चिममा कुमाऊ गढवालसम्म विस्तार भएको पाइन्छ । वि.सं. १४०० पछिदेखि आन्तरिक कलह, उत्तराधिकार विवाद र शक्ति विभाजनका कारण यो राज्य क्रमशः कमजोर बन्दै गयो र अन्ततः बाइसे-चौबिसे राज्यहरूमा विभाजित भयो । यही संक्रमणकालमा सन् १५०५ (वि.सं. १५६१) मा गएको महाभूकम्पले पश्चिम नेपालमा गहिरो असर पारेको मानिन्छ । यो महाभूकम्प विशेषगरी जुम्ला र दैलेख क्षेत्रमा विनाशकारी साबित भएको लोक-इतिहास र भौगोलिक विश्लेषणबाट संकेत पाइन्छ । जमिनमा ठूला चिरा पर्नु, पानीका मुहान सुक्नु, व्यापक पहिरो जानु र खेतीयोग्य जमिन नष्ट हुनु जस्ता असरहरूले स्थानीय जनजीवन अस्तव्यस्त बनायो ।*

नेपाल भूकम्पीय दृष्टिले विश्वकै सबैभन्दा संवेदनशील क्षेत्रमध्ये एक हो । भारतीय प्लेट र युरेसियन प्लेटबीचको निरन्तर घर्षणको प्रक्रियाले हिमालय क्षेत्रलाई अत्यन्त सक्रिय बनाएको छ । यही कारणले नेपालले पटक-पटक विनाशकारी भूकम्पहरूको सामना गर्दै आएको छ । तर विडम्बना के छ भने, हामीले विगतका घटनाबाट सिक्नुपर्ने पाठहरू अझै पूर्ण रूपमा आत्मसात् गर्न सकेका छैनौं । विशेष गरी सन् १५०५ को पश्चिम नेपालमा गएको महाभूकम्प–जसलाई इतिहासको सबैभन्दा शक्तिशाली भूकम्पमध्ये एक मानिन्छ–आज पनि पर्याप्त रूपमा अध्ययन र बहसको विषय बन्न सकेको छैन । सन् १५०५ को भूकम्प (एमडब्लु ८.२-८.८) ले कर्णालीका दैलेख, जुम्ला, मुस्ताङ, हुम्ला लगायतका क्षेत्रमा व्यापक विनाश मच्चाएको अनुमान गरिन्छ । त्यस समयको अभिलेख सीमित भए पनि तिब्बती स्रोतहरू र भू-वैज्ञानिक अध्ययनहरूले यसको प्रभाव अत्यन्त व्यापक रहेको संकेत गर्छन् । अझ महत्वपूर्ण कुरा के हो भने, त्यसयता पश्चिम नेपालमा यति ठूलो भूकम्प पुन: आएको छैन । यसले उक्त क्षेत्रलाई भूकम्पीय अन्तर (सेस्मिक ग्याप) अर्थात् लामो समयदेखि ऊर्जा सञ्चित भइरहेको क्षेत्रको रूपमा चिनाउँछ । नेपालको इतिहासमा पश्चिमी भूभागको जुम्ला-दैलेख केन्द्र भई फैलिएको खसराज्य एक समय शक्तिशाली राजनीतिक संरचना थियो । जसको प्रभाव पूर्वमा त्रिशुली नदी र पश्चिममा कुमाऊ गढवालसम्म विस्तार भएको पाइन्छ ।

वि.सं. १४०० पछिदेखि आन्तरिक कलह, उत्तराधिकार विवाद र शक्ति विभाजनका कारण यो राज्य क्रमश: कमजोर बन्दै गयो र अन्तत: बाइसे-चौबिसे राज्यहरूमा विभाजित भयो । यही संक्रमणकालमा सन् १५०५ (वि.सं. १५६१) मा गएको महाभूकम्पले पश्चिम नेपालमा गहिरो असर पारेको मानिन्छ । यो महाभूकम्प विशेषगरी जुम्ला र दैलेख क्षेत्रमा विनाशकारी साबित भएको लोक-इतिहास र भौगोलिक विश्लेषणबाट संकेत पाइन्छ । जमिनमा ठूला चिरा पर्नु, पानीका मुहान सुक्नु, व्यापक पहिरो जानु र खेतीयोग्य जमिन नष्ट हुनु जस्ता असरहरूले स्थानीय जनजीवन अस्तव्यस्त बनायो । त्यससँगै तिब्बतसँग जोडिएको परम्परागत व्यापारिक मार्ग अवरुद्ध हुँदा आर्थिक गतिविधि पनि ठप्प हुन पुग्यो । यी कारणहरूले त्यस क्षेत्रलाई अनिकालको अवस्थातर्फ धकेल्यो । जीविकोपार्जन असम्भव बन्दै गएपछि स्थानीय बासिन्दाहरू सामूहिक रूपमा सुरक्षित र सम्भावनायुक्त क्षेत्रको खोजीमा पूर्वतर्फ बसाइँ सर्न थाले । दैलेखबाट सुरु भएको यो बसाइँसराइ सल्यान, रुकुम हुँदै गोरखा र अन्तत: काठमाडौं उपत्यकासम्म पुगेको अनुमान गरिन्छ । यस क्रममा विभिन्न समुदायहरूले नयाँ बसोबास क्षेत्रहरूमा आफू आएको थलोको सम्झनामा पुरानै नामसँग मिल्दोजुल्दो स्थाननाम राख्ने परम्परा अपनाए । आज काठमाडौं उपत्यकामा पाइने थापाथली, कोटेश्वर, लैनचौर, बालुवाटार जस्ता नामहरू र मध्यपहाडी राजमार्ग हुँदै यात्रा गर्दा पश्चिम नेपालको दैलेख खण्डमा भेटिने केही स्थानबीचको समानता यसै प्रक्रियाको संकेत हुन सक्छ । यद्यपि यस्ता दाबीहरूलाई पुष्टि गर्ने ठोस लिखित प्रमाण सीमित छन्, तर स्थानीय वंशावली, मौखिक इतिहास र स्थाननामको मिलानले यो सम्भावनालाई बल पुऱ्याउँछ । यसरी हेर्दा, खस राज्यको पतन, सन् १५०५ को महाभूकम्प र त्यसपछि भएको बसाइँसराइबीच गहिरो सम्बन्ध रहेको देखिन्छ। यस्ता ऐतिहासिक उदाहरणहरूले ठूला विपद्हरूले राज्य, अर्थतन्त्र र जनजीवनमा पार्न सक्ने असरको पूर्वानुमान गर्न सहयोग पुऱ्याउनुका साथै विपद् जोखिम न्यूनीकरणका लागि समयमै सचेत र तयारी हुन प्रेरित गर्छन् । नेपालको वर्तमान सामाजिक-सांस्कृतिक बनोट बुझ्न मात्र होइन, भविष्यका चुनौती सामना गर्न पनि यस्ता घटनाहरूको अध्ययन अत्यन्त महत्वपूर्ण देखिन्छ । नेपालको भूकम्पीय इतिहासलाई हेर्दा वि.स. १८९० (सन् १८३३), वि.स. १९९०(सन् १९३४) नेपाल-बिहार भूकम्प र वि.स. २०७२ ( सन् २०१५) को गोरखा भूकम्प जस्ता घटनाहरूले पनि महत्वपूर्ण संकेत दिएका छन्। १८९० को भूकम्पले काठमाडौं उपत्यकामा क्षति पुऱ्यायो, तर त्यो तुलनात्मक रूपमा सीमित थियो। वि.सं. १९९० को भूकम्प भने अत्यन्त विनाशकारी बन्यो, जसले काठमाडौं उपत्यका सहित पूर्वी नेपाल र बिहारमा गरि १६००० भन्दा बढी को ज्यान लियो र संरचनागत कमजोरीको कठोर यथार्थ उजागर गऱ्यो । त्यसैगरी, वि.सं. २०७२ वैशाख १२ गते गएको गोरखा भूकम्प आधुनिक नेपालका लागि ठूलो चेतावनी साबित भयो । करिब ९००० मानिसको मृत्यु, ८ लाख भन्दाबढी घरको क्षति र सांस्कृतिक सम्पदामा पुगेको असरले हाम्रो तयारीको स्तर स्पष्ट देखायो । तर वैज्ञानिक रूपमा हेर्दा, यो भूकम्पले सम्पूर्ण हिमालयी चिरा लाई सक्रिय बनाएको थिएन । विशेष गरी पश्चिम नेपालतर्फको ऊर्जा अझै बाँकी रहेको देखिन्छ । यी सबै घटनाहरूलाई एकसाथ विश्लेषण गर्दा एउटा महत्वपूर्ण तथ्य उजागर हुन्छ–हिमालय क्षेत्रमा भूकम्पहरू एकैपटक सम्पूर्ण रूपमा नभई खण्ड-खण्डमा आउँछन्। अर्थात्, कुनै समयमा पश्चिम भाग सक्रिय हुन्छ, कुनै समयमा मध्य, त कुनै समयमा पूर्वी भाग । सन् १५०५ मा पश्चिम, १९३४ मा पूर्व र २०१५ मा मध्य नेपाल प्रभावित हुनु यसैको प्रमाण हो । यस सन्दर्भमा सबैभन्दा चिन्ताजनक पक्ष पश्चिम नेपालको वर्तमान अवस्था हो। करिब पाँच सय वर्षदेखि ठूलो भूकम्प नआएको यो क्षेत्र अहिले अत्यधिक जोखिममा रहेको मानिन्छ । भू-वैज्ञानिक अध्ययनहरूले त्यहाँ अवरुद्ध चिराको अवस्था देखाएका छन्, जसले भविष्यमा एमडब्लु ८ भन्दा माथिको महाभूकम्प आउन सक्ने सम्भावना देखाउँछ । यदि यस्तो भूकम्प आयो भने यसको प्रभाव केवल पश्चिम नेपालमा सीमित नरही देशव्यापी हुन सक्छ । तर, यहाँ एउटा अर्को गम्भीर प्रश्न उठ्छ–के नेपाल यस्तो सम्भावित महाभूकम्पका लागि तयार छ ? दुर्भाग्यवश, उत्तर पूर्ण रूपमा सकारात्मक छैन । आजको नेपाल विगतभन्दा धेरै फरक छ । तीव्र शहरीकरण, अनियन्त्रित बस्ती विस्तार, र कमजोर निर्माण अभ्यासले जोखिमलाई झनै बढाएको छ । विर्तामोड, काठमाडौं, पोखरा, बुटवल, नेपालगञ्ज, धनगडी जस्ता शहरहरूमा जनघनत्व अत्यधिक बढेको छ । तर ती संरचनाहरूको ठूलो हिस्सा अझै पनि भूकम्प प्रतिरोधी मापदण्डअनुसार निर्माण भएका छैनन् । ग्रामीण क्षेत्रमा अवस्था अझ चुनौतीपूर्ण । ढुंगा-माटोका परम्परागत घरहरू अझै व्यापक छन्, जसले ठूलो भूकम्पको बेला उच्च जोखिम निम्त्याउँछन् । विद्यालय, स्वास्थ्य संस्था, र सार्वजनिक भवनहरूमा समेत पूर्ण रूपमा भूकम्पीय सुरक्षा सुनिश्चित हुन सकेको छैन । यसबाहेक, भूकम्पको प्रत्यक्ष प्रभाव मात्र होइन, यसको द्वितीयक प्रभावहरू पनि अत्यन्त खतरनाक हुन सक्छन् । पहाडी क्षेत्रमा पहिरो, नदी थुनिने, र त्यसपछि आउने बाढीले थप विनाश निम्त्याउन सक्छ । २०७२ सालको अनुभवले यो कुरा स्पष्ट रूपमा देखाइसकेको छ । यस्तो अवस्थामा, भूकम्पलाई केवल प्राकृतिक विपत्ति भनेर पन्छिन मिल्दैन । यो व्यवस्थापन गर्न सकिने जोखिम हो । यसको अर्थ, सही नीति, प्रविधि र जनचेतनाको माध्यमबाट यसको प्रभावलाई उल्लेखनीय रूपमा घटाउन सकिन्छ । सबैभन्दा पहिलो आवश्यकता हो–भूकम्प प्रतिरोधी निर्माणलाई कडाइका साथ कार्यान्वयन गर्नु । नेपाल राष्ट्रिय भवन संहिता कागजमा मात्र सीमित नभई व्यवहारमा लागू हुनुपर्छ। विशेष गरी विद्यालय, अस्पताल, र सार्वजनिक संरचनाहरूलाई प्राथमिकताका साथ प्रवलीकरण ( रेट्रोफिटिङ) गर्न आवश्यक छ । दोस्रो, वैज्ञानिक अनुसन्धान र निगरानी प्रणालीलाई सुदृढ बनाउनुपर्छ। आधुनिक प्रविधिको प्रयोग गर्दै भूकम्पीय गतिविधिको निरन्तर अनुगमन, नक्शाङ्कन र प्राचीन भूकम्प विज्ञान अध्ययनले भविष्यको जोखिमको स्पष्ट चित्र दिन सक्छ । तेस्रो, जनचेतना अभिवृद्धि अत्यन्त आवश्यक छ। भूकम्पको समयमा कसरी सुरक्षित रहने, कहाँ जाने, र के गर्ने भन्नेबारे जनतालाई नियमित रूपमा जानकारी दिनुपर्छ। विद्यालय स्तरदेखि नै विपद् शिक्षालाई सुदृढ बनाउनुपर्छ । चौथो, संस्थागत समन्वय बलियो हुनुपर्छ । संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिका निर्धारण गरी आपतकालीन प्रतिकार्य प्रणालीलाई प्रभावकारी बनाउनु अपरिहार्य छ । अन्तत:, सन् १५०५ को भूकम्प केवल इतिहासको एउटा घटना मात्र होइन, यो भविष्यको चेतावनी पनि हो । यसले हामीलाई सम्झाउँछ कि हिमालय अझै जीवित छ, सक्रिय छ, र कुनै पनि समय ठूलो भूकम्प ल्याउन सक्षम छ । नेपालले यदि विगतका पाठहरूलाई गम्भीर रूपमा लिएन भने, भविष्यको महाभूकम्प केवल प्राकृतिक विपत्ति मात्र नभई राज्य असफलताको कारक पनि बन्न सक्छ। तर यदि समयमै तयारी गरियो भने, त्यही विपत्तिलाई न्यूनतम क्षतिमा सीमित गर्न सकिन्छ । अब 'कहिले भूकम्प आउँछ ?' भन्ने होइन, बरु 'हामी कत्तिको तयार छौं ?' भन्ने हो।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अधुरा काम पुरा गर्ने प्रेरणा जाग्नेछ। पेशागत क्षेत्रमा नयाँ दिशा भेटिन सक्छ। | **तुला** :आर्थिक योजनामा सुधार ल्याउन सकिनेछ। अनुभवले सोचमा परिवर्तन ल्याउनेछ। |
| **वृष** : निर्णय सोचविचार गरेर लिनुहोस्। दिनचर्या व्यवस्थित राख्दा फाइदा हुनेछ। | **वृश्चिक** : आन्तरिक शक्ति बढेको महसुस हुनेछ।कामहरू सहजै पूरा गर्न सकिनेछ। |
| **मिथुन** : साथीहरूसँग भेटघाट हुन सक्छ। सानो प्रयासले ठूलो प्रभाव पार्न सक्छ। | **धनु** : आत्मविश्वासले निर्णयमा स्पष्टता ल्याउनेछ।नयाँ अनुभव हासिल हुनेछ। |
| **कर्कट** : भावनात्मक पक्ष बलियो बन्नेछ। आफन्तसँगको सम्बन्ध अझ नजिकिनेछ। | **मकर** : जिम्मेवारी बढे पनि व्यवस्थापन गर्न सकिनेछ। धैर्यले राम्रो परिणाम दिनेछ। |
| **सिंह** : आफ्नो प्रतिभा देखाउने अवसर प्राप्त हुनेछ। नेतृत्वदायी भूमिकामा प्रशंसा पाइनेछ। | **कुम्भ** : सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ। नयाँ व्यक्तिसँग परिचय हुन सक्छ। |
| **कन्या** : काममा नयाँ अनुभव हासिल हुनेछ। यात्राबाट ज्ञानवृद्धि हुने संकेत छ। | **मीन** : आध्यात्मिक झुकाव बढ्नेछ। मन शान्त राख्न ध्यान उपयोगी हुनेछ। |

# शिक्षा

## नेपालको शिक्षाले विश्व अनुभवबाट के सिक्ने ?




नेपालको शिक्षा प्रणाली महत्त्वपूर्ण दोबाटोमा उभिएको छ । विगत केही दशकमा हामीले उल्लेख्य प्रगति गरेका छौं । विद्यालय पुगेका बालबालिकाको संख्या बढेको छ । माध्यमिक तहसम्मको पहुँच विस्तार भएको छ तथा शिक्षाको महत्वबारे सामाजिक चेतना पनि पहिलेभन्दा उच्च छ । तर यति मात्रले शिक्षा प्रणाली सफल भएको मान्न सकिँदैन । प्रश्न विद्यालयमा कति जना पुगे भन्ने होइन । प्रश्न के हो भने- विद्यार्थीले विद्यालयमा के सिकिरहेका छन् ? शिक्षा उनीहरूको जीवन, रोजगारी र भविष्यसँग कसरी जोडिएको छ ? नेपालमा शिक्षा सुधारबारे धेरै काम भएको छ । नीति आयो, आयोग बने, योजना बनाइए, परियोजना चलाइए तथापि अपेक्षित परिणाम आउन सकेन । किन ? यसको उत्तर खोज्न नेपालले अब आफ्नै सीमाभित्र रहेर मात्रै होइन, विश्वका अनुभवबाट सिक्नुपर्छ । तर यहाँ ध्यान दिनु पर्ने महत्त्वपूर्ण विषय के हो भने कुनै पनि देशको नतिजा राम्रो देखियो भन्दैमा त्यसको एउटा कार्यक्रम नक्कल गरेर हाम्रो समस्या समाधान हने छैन । ब्राजिलको सिआरा राज्यभित्र पर्ने सुब्राल नामक नगरपालिका शिक्षा सुधारको विश्व चर्चित उदाहरण हो । एक समय निकै कमजोर प्रदर्शन गर्ने यो नगरपालिका केही वर्षमै ब्राजिलकै उत्कृष्ट मध्ये पऱ्यो । यसको रहस्य के थियो ? न त कुनै चमत्कारी प्रविधि, न पाठ्यक्रम परिवर्तन, न ठुलो भवन निर्माण तर पनि यसले निकै ठुलो उदाहरण प्रस्तुत गऱ्यो । यसको मूल कारण थियो- राजनीतिक हस्तक्षेपबाट विद्यालय जोगाउने, सक्षम नेतृत्वको चयन । र सबै विद्यालयलाई स्पष्ट सिकाइ लक्ष्यमा केन्द्रित गर्ने शासन प्रणाली । सुब्रालले एउटा महत्त्वपूर्ण निर्णय गऱ्यो, विद्यालय प्रमुखलाई राजनीतिक पहुँचका आधारमा होइन, योग्यता र उत्तरदायित्वका आधारमा चयन गर्ने । साथै आरम्भिक कक्षामै सबै बालबालिकाले पढ्न सिक्नै पर्छ भन्ने स्पष्ट लक्ष्य तय गऱ्यो । नियमित मूल्यांकनलाई दण्डको साधन होइन, सुधारको साधन बनाइयो । यसले शिक्षक, प्रधानाध्यापक र स्थानीय निकायबिच सिकाइ केन्द्रित संस्कृतिको विकास गऱ्यो । नेपालले यहाँबाट स्पष्ट शिक्षा लिन सक्छ । शिक्षामा लगानी भन्दा ज्यादा शासन सुधारको नीतिगत निर्णय महत्त्वपूर्ण हुन्छ भन्ने । यदि विद्यालय नेतृत्व दलीय, व्यक्तिगत वा स्थानीय शक्ति सन्तुलनको कब्जामा रह्यो भने बजेट बढेर पनि सिकाइको गुणस्तर बढ्न सक्दैन । भियतनामलाई धेरैले शिक्षामा चमत्कार गर्ने मुलुकका रुपमा चिन्छन् । न्युन आय भएको देश भएर पनि उसले अन्तर्राष्ट्रिय परीक्षणहरूमा सम्पन्न मुलुकहरूलाई समेत उछिनेको छ । यसको श्रेय आंशिक रूपमा विद्यार्थीको अनुशासन, अभिभावकको अपेक्षा, शिक्षक निगरानी, पूर्वप्राथमिक लगानी र संस्थागत निरन्तरतामा जान्छ । अन्तर्राष्ट्रिय परीक्षणहरूमा समेटिने विद्यार्थी सबै बालबालिका हुँदैनन् । विद्यालयमा रहेका निश्चित आयु समूहका विद्यार्थी मात्र त्यहाँ पर्छन् । यदि ठुलो संख्या विद्यालयबाहिरै छ भने उच्च नतिजाले सम्पूर्ण पुस्ताको अवस्था झल्काउँदैन । त्यसैले राम्रो अंक देखियो भन्दैमा कुनै देशको शिक्षा प्रणाली पूर्ण रूपमा सफल छ भन्न मिल्दैन । नेपालले भियतनामबाट सिक्नुपर्ने त्यहाँको संस्कृति भन्दा बढी संस्थागत विकासको कथा हो । अभिभावकको उच्च अपेक्षा कानुन मात्रैले प्राप्ती गर्न सक्दैन । तर पूर्वप्राथमिक शिक्षा, नियमित शिक्षक, विद्यालय निगरानी र राज्यको कार्यक्षमतालाई भने नीतिबाट तय गर्न सकिन्छ । केन्याको तुसोमे कार्यक्रम प्रारम्भिक कक्षाका बालबालिकाको पढाइ सुधारका लागि विश्वमै सफल कार्यक्रममध्ये एक मानिन्छ । यसको विशेषता के छ भने यो सानो पाइलटमा सीमित रहेन, मन्त्रालयकै संरचनाभित्र बसेर राष्ट्रिय स्तरमा फैलियो । तुसोमेले शिक्षकलाई केवल तालिम दिएर छोडेन । उसले शिक्षकलाई स्पष्ट पाठ योजनासहितका संरचित मार्गदर्शिका दियो । विद्यालय भ्रमण गर्ने प्राविधिक अधिकारीलाई डिजिटल उपकरण दिइयो, जसले उनीहरू वास्तविक रूपमा कक्षाकोठामा पुगे कि पुगेनन् भन्ने देखायो । यसले 'रिपोर्टका लागि निरीक्षण' होइन पढाइ सुधारका लागि सहयोग सम्भव बनायो । नेपालमा पनि पाठ्यक्रम, सीप, मूल्यांकन, दक्षता जस्ता शब्द धेरै प्रयोग हुन्छन् । तर कक्षाकोठामा शिक्षकलाई दिनदिनै के गर्ने भन्ने व्यावहारिक साथ छैन भने नीति कागजमै सीमित रहन्छ । कमजोर सिकाइ भएका विद्यालयमा शिक्षकलाई संरचित सहयोग, सरल सामग्री, नियमित प्रतिपुष्टि र कक्षाकोठा-आधारित समर्थन अत्यावश्यक हुन्छ ।

### एस्टोनिया र सिंगापुर

विश्वका उत्कृष्ट शिक्षा प्रणालीको चर्चा गर्दा एस्टोनिया र सिंगापुरको नाम अनिवार्य रूपमा आउँछ । यी देशमा शिक्षकको सामाजिक प्रतिष्ठा उच्च छ । छनोट कडा छ । तयारी बलियो छ । र, प्रणालीमा विश्वास पनि गहिरो छ । त्यहाँ शिक्षकलाई पर्याप्त स्वायत्तता दिइन्छ । धेरैले सोच्छन् शिक्षकलाई स्वतन्त्रता दिएपछि गुणस्तर बढ्छ । वास्तवमा उच्च क्षमता भएपछि मात्र उच्च स्वायत्तता फलदायी हुन्छ । प्रारम्भिक तयारी कमजोर, पेशागत समर्थन न्यून, उत्तरदायित्व अस्पष्ट र कक्षाकोठामा असमानता बढी भएको सन्दर्भमा असीमित स्वायत्तताले प्राय: कमजोर विद्यार्थीलाई अझ पछाडि धकेल्न सक्छ । नेपालले एस्टोनिया वा सिंगापुरको पूरा मोडेल आजकै अवस्थामा उतार्न सक्दैन । तर तिनले दिएको एउटा महत्त्वपूर्ण पाठ हामी तुरुन्त लागू गर्न सक्छौं । त्यो हो- समतामूलक समर्थन । गरिब विद्यार्थीका लागि नि:शुल्क शैक्षिक सामग्री, पोषण, स्वास्थ्य, भाषा समर्थन, र विशेष आवश्यकताका सेवाहरू बिना गुणस्तरको कुरा अधूरो हुन्छ । भारतबाट सुरु भएको 'टिचिङ एट द राईट लेभल' मोडेलले अत्यन्त सरल तर शक्तिशाली सत्य देखायो । एउटै कक्षामा बसेका सबै बालबालिका सिकाइको एउटै स्तरमा हुँदैनन् । तर हाम्रो विद्यालय प्रणालीले सबैलाई एउटै पाठ, एउटै गतिमा, एउटै अपेक्षासहित पढाउन खोज्छ । परिणामस्वरूप, कमजोर आधार भएका विद्यार्थी वर्षौंदेखि झन् पछि पर्दै जान्छन् । यो मोडेलले उमेर वा कक्षाभन्दा बालबालिकाको वास्तविक पढ्ने-लेख्ने-गन्ने क्षमताका आधारमा समूह बनाउँछ । आधारभूत सीपमा केन्द्रित, खेलमुखी र अन्तरक्रियात्मक विधिबाट छोटो अवधिमै सिकाइमा ठुलो सुधार ल्याउन सकिन्छ भन्ने प्रमाण यसले दिएको छ । कम लागत, उच्च प्रभाव र ग्रामीण तथा विपन्न समुदायमा विशेष उपयोगी हुने भएकाले यो मोडेल नेपालका लागि अत्यन्त सान्दर्भिक देखिन्छ । नेपालमा माध्यमिक तहको सुधारबारे धेरै चर्चा हुन्छ, तर वास्तविक संकट त प्रारम्भिक सिकाइमै छ । कक्षा ३, ४, ५ सम्म आइपुग्दा पनि राम्रोसँग पढ्न नसक्ने विद्यार्थीलाई पछि विज्ञान, गणित, सामाजिक शिक्षा वा जीवनोपयोगी सीप सिकाउने आशा गर्नु भ्रम हो । नेपालका धेरै युवामा एउटा साझा गुनासो छ- विद्यालय र कलेजले जीवन वा रोजगारीका लागि उपयोगी तयारी दिएन । यही समस्यामा बंगलादेशको माध्यमिक शिक्षा सुधार उपयोगी पाठ दिन्छ । त्यहाँ माध्यमिक तहमा पहुँच विस्तारसँगै गरिब विद्यार्थीका लागि छात्रवृत्ति, विद्यालय विस्तार, विज्ञान-गणित-भाषाजस्ता विषयमा स्रोत शिक्षक, र प्राविधिक तथा पूर्व-व्यावसायिक विकल्पहरू थप्ने प्रयास गरिएको थियो । नेपालमा पनि सबै विद्यार्थी एउटै शैक्षिक बाटोबाट जान्नुपर्छ भन्ने सोच कमजोर हुँदै गएको छ । धेरै विद्यार्थीलाई विद्यालयपछि तुरुन्तै काम, सीप, उद्यम वा प्राविधिक अवसर चाहिन्छ । त्यसैले माध्यमिक शिक्षा विश्वविद्यालय प्रवेशको मात्र तयारी नभई जीवन र कामको तयारी पनि हुनुपर्छ । दोस्रो, शिक्षा प्रशासन र विद्यालय नेतृत्वलाई योग्यता, उत्तरदायित्व र नतिजासँग जोड्नुपर्छ । राजनीतिक संरक्षणमा आधारित नेतृत्वले शिक्षा सुधारलाई कमजोर बनाउँछ । तेस्रो, प्रविधि वा नारा होइन, शिक्षकको दैनिक शिक्षण अभ्यास सुधारमा लगानी गर्नुपर्छ । संरचित मार्गदर्शन, सहयोगी निरीक्षण, र डेटा-आधारित व्यावसायिक विकास आवश्यक छ । चौथो, प्रत्येक नयाँ सुधारलाई पहिले परीक्षण, त्यसपछि मात्र विस्तार गर्ने संस्कृतिको विकास गर्नुपर्छ । अनुमानमा होइन, प्रमाणमा आधारित नीति बनाउनुपर्छ । नेपालको शिक्षा सुधारको मूल प्रश्न अब कति परियोजना लागू गरियो भन्ने होइन । प्रश्न के हामीले कक्षाकोठामा सिकाइको वास्तविकता बदल्यौं भन्ने हो । यदि बदल्न चाहन्छौं भने, विश्वका सफल र असफल दुवै अनुभवले एउटै कुरा भन्छन शिक्षा सुधार भाषण, भवन र बजेटबाट मात्र हुँदैन । सिकाइ, शासन, शिक्षकलाई समर्थन र प्रमाणमा आधारित निर्णय प्रक्रियाबाट हुन्छ । त्यसैले अब नेपालको शिक्षा प्रणालीलाई बदल्ने बेला आएको छ ।

*-रातोपाटी डटकम*

## वैशाख १५ गतेदेखि विद्यालय सञ्चालनको तयारी



निजी विद्यालय सञ्चालकहरूले सरकारले बिनाकारण विद्यालय बन्द गरेर विद्यार्थीलाई बन्दी बनाइरहेको आरोप लगाएका छन् । सरकारले विद्यालय बन्द गराएर विद्यार्थी, अभिभावक र निजी विद्यालयको मात्रै नभई देशकै भविष्यमाथि खेलबाड गरेको उनीहरूको भनाइ थियो । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल( प्याब्सन), नेसनल प्राइभेट एण्ड बोर्डिङ स्कुल्स अर्गनाइजेसन नेपाल(एन प्याब्सन) र उच्च विद्यालय तथा माध्यमिक विद्यालय संघ(नेपाल) हिसानको सहयोगमा कलेज रिडर्स म्यागेजिनद्वारा शनिबार राजधानीमा आयोजित स्कुल एजुकेसन च्यालेन्ज प्रोब्लम वे फरवार्ड्स विषयक कार्यक्रममा निजी विद्यालयले झण्डै चार दशकदेखि नेपालको शिक्षा क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आए पनि नयाँ शैक्षिक सत्रसँगै आएको वर्तमान सरकारको निर्णयले विद्यार्थी, अभिभावक र विद्यालय सञ्चालकहरूमा अन्योल सिर्जना गरेको सहभागीहरूले बताएका हुन् । तथापि वर्तमान प्रधानमन्त्री, मन्त्री र धेरैजसो सांसदसमेत निजी विद्यालयकै प्रोडक्ट भएको उल्लेख गर्दै उनीहरूले वर्तमान सरकारको स्पिरिटअनुसार नै निजी विद्यालयहरू शिक्षा क्षेत्रमा योगदान दिन तयार रहेको बताए । हालसम्म सात सय ५३ वटा स्थानीय सरकारले निर्माण गरेका शिक्षासम्बन्धी नीतिहरूमा आधारित भएर निजी विद्यालयहरू सञ्चालन हुँदै आएको र विद्यार्थी तथा अभिभावकहरू त्यसैमा अभ्यासरत रहेको सन्दर्भमा सरकारको पछिल्लो निर्णयले अन्योलता देखिएको उनीहरूको भनाइ थियो । माध्यमिक शिक्षाको परीक्षा र पाठ्यक्रमबाहेकको सम्पूर्ण अधिकार स्थानीय सरकारको भए पनि नयाँ सरकार गठनसँगै धेरैजसो स्थानीय तह आफ्नो अधिकार प्रयोग गर्न डराइरहेका पनि उनीहरूले बताए । उनीहरूले शनिबार र आइतबार दुई दिनको बिदाले शैक्षिक क्षेत्र प्रभावित हुने बताएका छन् । उनीहरूका अनुसार नेपालको निजी क्षेत्रको रोजगारीमा झण्डै ६० लाख मानिस आबद्ध छन्, सबै जना दुई दिन बिदामा बस्दा उनीहरूको आयआर्जनसमेत प्रभावित हुन सक्छ । सोही कार्यक्रममा प्याब्सनका अध्यक्ष कृष्ण अधिकारीले भने वैशाख १५ गतेदेखि विद्यालय सञ्चालनका लागि सरकारबाट ग्रिन सिग्नल प्राप्त भएको जानकारी गराएका थिए । १० गतेदेखि नै विद्यालय सञ्चालन हुने गरेकोमा १५ गतेदेखि सञ्चालन भए पनि त्यति समस्या नहुने उहाँको भनाइ थियो । लामो प्रयासपछि केही दिनअघिमात्रै शिक्षामन्त्रीसँग भेट्ने मौका प्राप्त भएको र सोही अवसरमा शिक्षा क्षेत्रका समस्याबारे आफूहरूले ध्यानाकर्षण गराएको पनि उहाँले जानकारी गराएका थिए । कार्यक्रममा विद्यालय सञ्चालकहरूले सरकारले निर्णय नगरे पनि वैशाख १५ गतेदेखि विद्यालय सञ्चालन गर्ने र विद्यालय सञ्चालन गरेकै कारण जेल जानुपरे पनि जान तयार रहेको बताएका थिए । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वैशाख १५ गते नयाँ शैक्षिक सत्र सुरु भएपछि मात्र भर्ना अभियान गर्न र पठनपाठन वैशाख २१ गतेबाट सुरु गर्न निर्देशन दिएको थियो । वैशाख १५ देखि सुरु हुने नयाँ शैक्षिक सत्र र पठनपाठन सुरु गर्ने २१ गतेको बीचमा नयाँ शैक्षिक सत्रको कार्ययोजना निर्माण गर्ने, वार्षिक कार्यतालिका, वार्षि शैक्षिक योजना निर्माण र तयारी गर्ने, विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्ने, शिक्षकको पेशागत क्षमता विकासका कार्यहरू सञ्चालन गर्ने र विद्यार्थीको सिकाइ उपलब्धि सुधारसम्बन्धी योजना निर्माण गर्ने मन्त्रालयले तालिका तय गरेको थियो । मध्यपूर्वमा जारी संकटसँगै पेट्रोलियम पदार्थको आपूर्तिमा परेको असरको कारण देखाउँदै सरकारले सातामा दुई दिन सार्वजनिक बिदा गर्ने निर्णय गरेको थियो । दुई दिन सार्वजनिक बिदाको निर्णयप्रति निजी विद्यालय सम्बद्ध संगठनले पाठ्यक्रम निर्धारित समयमा पूरा नहुने र विद्यार्थीको सिकाइ उपलब्धिमा ठूलो ह्रास आउने बताउँदै आएका छन् ।

*-इहिमालय टाइम्स डटकम*

## हिमाली जिल्लाको शैक्षिक सत्र फेर्न माग



हिमाली जिल्लाको शैक्षिक सत्र फेर्न माग गरिएको छ । मुस्ताङबाट निर्वाचित सांसद योगेश गौचनले मुस्ताङ लगायतका सबै हिमाली जिल्लाहरूको विशिष्ट भौगोलिक अवस्थितिलाई ध्यानमा राख्दै यही शैक्षिक सत्रदेखि फागुन महिनाबाटै नयाँ शैक्षिक सत्र सुरु गर्न माग गरेका हुन् । हिमाल जिल्लाका सांसदहरू र शिक्षा मन्त्रीबिच भएको भेटमा शैक्षिक सत्र फेर्न सहमति भएको गौचनले बताए । उनले चैत २२ गते शिक्षा मन्त्री सस्मित पोखरेललाई ध्यानाकर्षण पत्र बुझाउँदै हिमाली जिल्लाहरूको शैक्षिक सत्र फागुनदेखि मङ्सिरसम्म कायम गर्न माग गरेका थिए । यसअघि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०७९ सालको पत्र अनुसार देशभर वैशाखदेखि शैक्षिक सत्र सुरु गर्ने व्यवस्था गरिएको थियो । तर, हिमाली जिल्लाहरूमा पुस र माघ महिनामा अत्यधिक चिसो हुने, केही उच्च क्षेत्रका बासिन्दाहरू जाडो छल्न अन्यत्र सर्ने र पठनपाठन तथा परीक्षा सञ्चालनमा समेत अवरोध पुग्ने गरेकाले विद्यार्थीहरूको शैक्षिक गुणस्तर खस्किरहेको थियो । *-रासस*

# विश्व हिन्दु महासंघ पाल्पाको पाँचौ अधिवेशन




**पाल्पा,** वैशाख १३/विश्वहिन्दु महासंघ नेपाल पाल्पाको दशौं जिल्ला सभा तथा पाँचौ अधिवेशन भएको छ । महासंघको तानसेनमा भएको अधिवेशन आगामी ३ वर्षका लागि नयाँ कार्य समितिको गठन गर्दै सकिएको हो ।

अधिवेशनले कमलराज पौडेललाई पुन: अध्यक्षमा चयन गरेको छ । जसको वरिष्ठ उपाध्यक्षमा दिनेश गन्धर्व, द्वितिय उपाध्यक्ष जयराम सापकोटा, महिला उपाध्यक्ष मालती पौडेल, खुल्ला उपाध्यक्ष-राम प्रसाद पुरि, दलित उपाध्यक्ष- राजु गौतम, सचिवमा मित्रलाल नेपाली, सह-सचिवमा भविन्द्र गौतम,उपसचिवमा लक्षण पछाइ, पवन बस्याल र कोषाध्यक्षमा मनोहर ज्ञवाली चयन भएका छन् । अधिवेशनको प्रतिनिधि सभा सदस्य डा.माधव थापाले उद्घाटन गरेका हुन् । कार्यक्रममा रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नारायण बहादुर कार्की, महासंघ प्रदेश अध्यक्ष वेन बहादुर पौडेल, केन्द्रिय सह अध्यक्ष शंकर प्रसाद खराल, भैरवस्थान मन्दिर व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष गोविन्द बहादुर पोखरेल लगायतले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रममा धर्म संरक्षणका लागि योगदान पुर्‍याउने विभिन्न भजन मण्डली र धार्मिक संघ संस्थालाई रुद्राक्षमाला, दोसल्ला र प्रमाण पत्रले सम्मान गरेका थिए । कार्य समितिको गठनका लागि केन्द्रीय सदस्य भिमलाल भट्टराईको संयोजकत्वमा पाँच सदस्यीय निर्वाचन मण्डल चयन गरिएको थियो । कार्यक्रम संस्था अध्यक्ष कमल राज पौडेलको अध्यक्षता, उपाध्यक्ष सरस्वती बस्यालको स्वागत, सचिव तुलसी घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## बाँकेका १२...

...डढेलो नियन्त्रणका लागि वनका भित्री भागसम्म जान सक्ने दमकल आवश्यक भएको उल्लेख गर्दै वन कार्यालयका योजना अधिकृत सुवेदीले बढ्दो खडेरीले भित्री क्षेत्रमा डढेलो झन बढेको उल्लेख गरे । "केही दिनभित्र पानी परेन भने वन डढेलो झनै बढ्ने खतरा छ", उनले भने ।जिल्लामा ५० हजार हेक्टर वन क्षेत्र रहेको वन कार्यालयका योजना अधिकृत सुवेदीले जानकारी दिए । वन डढेलो नियन्त्रण गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आइएको उल्लेख गर्दै उनले केही गलत व्यक्ति र आचरणका कारण वनमा डढेलो लागेको बताए । यसैबिच सिक्टा नहरमा फसेको चित्तल मारेर खाएको आरोपमा तीन जनालाई पक्राउ गरिएको छ । पक्राउ परेकाहरूलाई वन कार्यालयको हिरासतमा राखेर अनुसन्धान भइरहेको वन कार्यालयका योजना अधिकृत सुवेदीले जानकारी दिए । उनका अनुसार अनुसन्धान भइरहेकाले निजहरूको नाम, थर गोप्य राखिएको छ । त्यस्तै, स्थानीयले नहरमा फसेका चार वटा चित्तलको आज उद्धार गरेका छन् । बढ्दो खडेरीका कारण नहरमा पानी खान पुगेका चित्तल पानी खाँदाखाँदै नहरमा फसेका थिए । हरलाफाँटा सामुदायिक वनका उपभोक्ताले ती चित्तलको उद्धार गरी कार्यालयमा बुझाएका डिभिजन वन कार्यालय बाँकेले जनाएको छ । *रासस*


## रगत तथा रक्ततत्व ढुवानी गाडी खरिद गर्ने सम्बन्धीको सूचना

**सूचना प्रकाशित मिति :२०८३/०१/१३**

यस कार्यालयमा १ (एक) थान रगत तथा रक्ततत्व ढुवानीका लागि गाडी खरिद गर्न आवश्यक भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ख) बमोजिम गाडी उत्पादक (Manufacturer )कम्पनी वा सो को आधिकारिक विक्रेताहरुबिच प्रतिस्पर्धा गराई क्याटलग सपिङ (Catalogue Shopping) विधिबाट खरिद गनुर्पर्ने भएकाले सावर्जनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम (२) अनुसार संलग्न स्पेशिफिकेशन अनुसारको गाडी विक्री गर्न चाहने उत्पादक (Manufacturer) वा आधिकारीक विक्रेता (Importer) हरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र दिन भित्र आवश्यक कागजात सहित कायार्लय समय भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| Type of vehicle | General Specification | Quantity | Remarks |
|---|---|---|---|
| 4WD Double Cab Pickup | Four door. Right Hand Drive. Four Wheel drive pick-up suitable to operate in rough and hilly road condition of Nepal. Gross Vehicle Weight of the vehicle shall not be less than 2700 kg and shall have total seating capacity for at least 5 persons including driver. | १ थान | विस्तृत स्पेशिफिकेशन र थप जानकारी कार्यालयको सुचनापाटीमा टाँसिएकोछ । |

नेपाल रेडक्रस सोसाइटी
पाल्पा जिल्ला शाखा
लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क : ०७५-५२००८०


## खेलकुद समाचार

### एन्फा पदाधिकारीलाई विदेश भ्रमणमा रोक



**काठमाडौं,** वैशाख १३/ सरकारले अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकजविक्रम नेम्वाङसहित २४ जना पदाधिकारीलाई विदेश भ्रमणमा रोक लगाएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) को सिफारिशका आधारमा अध्यागमन विभागले उनीहरूलाई विदेश भ्रमणमा रोक लगाएको हो ।

विभागले उनीहरूलाई कालोसूचीमा राखेको छ । यसअघि राखेपले एन्फालाई तीन महिनाका लागि निलम्बमा राखेको थियो । राखेपले एन्फाको आर्थिक विषयमा छानबिन गर्न तीन सदस्यीय छानबिन उपसमिति गठन गरेको थियो । छानबिनका क्रममा राखेपले एन्फा पदाधिकारीको विदेश भ्रमणमा रोक लगाउन खेलकुद मन्त्रालयलाई पत्र पठाएको थियो । खेलकुद मन्त्रालयले गृह मन्त्रालयमार्फत अध्यागमन विभागलाई पत्र पठाएपछि एन्फा पदाधिकारीको राहदानी रोक्का गरिएको छ । यसअघि आ्नो निर्देशनलाई अटेर गर्दै एन्फाले समयअघि नै चुनाव गर्न लागेपछि राखेपले गएको चैत ११ गते एन्फालाई तीन महिनाका लागि निलम्बन गरेको थियो ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# माछापुच्छ्रे बैंकले ल्यायो आईटी कर्जा


Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड


**पाल्पा,** वैशाख १३/ माछापुच्छ्रे बैंकले एमबीएल आइटी कर्जा नामक नयाँ कर्जा योजना ल्याएको छ । बैंकले डिजिटल रुपान्तरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले उक्त योजना ल्याएको हो ।

सूचना प्रविधि क्षेत्रमा संलग्न व्यवसायी तथा उद्यमीलाई सशक्त बनाउने लक्ष्यसहित सुरु गरिएको कर्जा योजनाले नवप्रवर्तनलाई प्रोत्साहन गर्नुका साथै नेपालमा विकसित हुँदै गएको सूचना प्रविधिलाई थप सुदृढ बनाउने अपेक्षा बैंकको छ । कर्जाले नेपालका आईटी/सफ्टवेयर कम्पनीलाई चालू पुँजी, पूर्वाधार तथा सञ्चालन विस्तारका लागि सहज रूपमा वित्तीय पहुँच उपलब्ध गराउने योजना राखेको छ । योजनाअन्तर्गत कर्जा लिन सम्बन्धित सरकारी निकायमा दर्ता भएका व्यवसाय मात्र योग्य हुनेछन् । यसमा आईटी/सफ्टवेयर फर्म (एकल वा साझेदारी), प्राइभेट लिमिटेड कम्पनी पदर्छन् र यस्ता कम्पनीले प्यान, भ्याटजस्ता कर नियमित रुपमा तिरेको हुनुपर्नेछ । यस्ता कम्पनी सृटवेयर विकास, आईटी आउटसोर्सिङ, आईटी सेवा, साइबर सुरक्षा, फिनटेक, एआई, मेसिन लर्निङजस्ता क्षेत्रमा काम गर्ने हुनुपर्ने बैंकले जनएको छ ।


मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई